# सुशासन ऐन, २०६४ बमोजिम तयार पारिएको
# अर्थ मन्त्रालयको बार्षिक प्रतिवेदन
# (आर्थिक वर्ष २०६६/६७)



नेपाल सरकार

अर्थ मन्त्रालय

२०६७ साउन

**Website : www.mof.gov.np**

# विषय–सूची


| क्रम संख्या | विवरण | पृष्ठ |
|---|---|---|
| १ | परिचय | १ |
| २ | कार्यकारी सारांश | २ |
| ३ | अर्थ मन्त्रालयबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु | ३ |
| ४ | शासकीय सुधार सम्बन्धित कार्यहरु | ४–८ |
| ५ | सुशासन सम्बन्धित कार्यहरु | ९–११ |
| ६ | उपलब्धीहरु | १२–१३ |
| ७ | समस्याहरु | १४ |
| ८ | समस्या समाधानका प्रयासहरु | १५ |
| ९ | निष्कर्ष | १६ |

# परिचय

१. राष्ट्रिय अर्थ व्यवस्था सञ्चालनको नेतृत्व अर्थ मन्त्रालयले गर्दछ । आर्थिक नीतिहरुको तर्जूमा, कार्यान्वयन र सुधार मन्त्रालयका मुख्य प्राथमिकता हुन ।

२. वजेट व्यवस्था, राजस्व प्रशासन, सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय क्षेत्र परिचालन, पूँजी बजार, आर्थिक अनुशासन लगायतका विभिन्न कार्यहरु यस मन्त्रालयको कार्यक्षेत्रमा पर्दछन् । सन्तुलित क्षेत्रगत विकासको लागि विभिन्न मन्त्रालय र निकायहरुलाई उत्प्रेरित गर्ने कार्य पनि मन्त्रालयले गर्दछ ।

३. राष्ट्रिय योजना आयोगसँगको समन्वयमा क्षेत्रगत मन्त्रालयहरुका विकास आयोजनाहरु सञ्चालनकालागि स्रोतसाधन जुटाउने र कार्यान्वयनमा सहयोग पुऱ्याउने कार्यभार पनि यही मन्त्रालय मै रहेको छ । स्रोत साधनको परिचालनमा टेवा पुग्ने गरी वैदेशिक सहायता परिचालनको समन्वय गर्नु मन्त्रालयको अर्को महत्वपूर्ण काम हो ।

४. यिनै पृष्ठभूमीमा अर्थ मन्त्रालयले आर्थिक वर्ष २०६६/६७ को अवधिमा सञ्चालन गरेका मुख्य मुख्य कार्यक्रमहरु, खासगरी शासकीय सुधार र सुशासनसँग सम्बन्धित कार्यहरु र उपलब्धीहरुलाई समेटेर सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम (७) को उपनियम (५) बमोजिम यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । कार्यक्रम सञ्चालनका सन्दर्भमा अनुभूत भएका समस्याहरु, समाधानका प्रयासहरु समेत यो प्रतिवेदनमा उल्लेख गरिएकोछ ।

# कार्यकारी सारांस

१. स्पष्ट कार्यदिशा, परिस्थितिको मागलाई तत्कालै संवोधन गर्ने रणनीति र परिणाममुखी कार्य संस्कृतिको माध्यमबाट नेपाली अर्थतन्त्रलाई समृद्ध अर्थतन्त्रमा रुपान्तरण गर्न यस अवधिमा नीतिगत, कानूनी, संस्थागत एवं कार्यविधि समेतमा समयानुकूल सुधारका कदमहरु चालियो ।

२. विनियोजित बजेटको परिणाममुखी उपयोगका लागि निरन्तर उत्प्रेरित गर्ने, अनुगमन गर्ने र आवश्यक सहयोग पुऱ्याउने कार्यहरु भए । खासगरी लोकमार्ग, जलविद्युत, सिँचाई र पुल जस्ता राष्ट्रिय गौरवका पूर्वाधार आयोजनाहरुको कार्यान्वयनका लागि स्रोतसाधन जुटाउन "विनियोजन लचकता" को संयमपूर्वक उपयोग गरियो । शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइ, सामाजिक सुरक्षा र स्थानीय विकासका क्षेत्रमा निर्धारित लक्ष्य अनुरुप स्रोत

- यस अवधिको कुल गार्हस्थ्य उत्पादन बृद्धिदरको लक्ष्य आधारभूत मूल्यमा ५.५ प्रतिशत पुग्ने अनुमान गरिएकोमा ३.५ प्रतिशत रहेको प्रारम्भीक अनुमान छ ।
- मूल्य बृद्धिदरमा केही सुधार भएतापनि औसत बार्षिक मुद्रास्फितिदर दुई अंकमा रहेको अनुमानछ । तथापी २०६७ जेठ महिनामा बार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य बृद्धिदर ९.६ प्रतिशतमा झरेकोछ । २०६६ जेठ महिनामा मुद्रास्फिति दर १२.३ प्रतिशत रहेको थियो ।
- यस अवधिको एघार महिनामा चालू खाता रु. ३४ अर्व ५९ करोड र शोधनान्तर स्थिति रु. १५ अर्व ७ करोडले घाटामा रहेकोछ । पछिल्लो समयमा लिइएको वित्त तथा मौद्रिक सुधारले शोधनान्तर स्थितिमा सुधार भई आर्थिक वर्षको अन्त्यमा यस्तो घाटा रु. ५ अर्वको हाराहारीमा रहने अनुमानछ ।
- आर्थिक वर्ष २०६६।६७ को जेठ मसान्तसम्म विदेशी विनिमय सञ्चिति २०६६ असार मसान्तको तुलनामा ६.९ प्रतिशतले कमी आई रु. २५९ अर्व ९२ करोड रहेको तथा २०६७ असार मसान्तसम्ममा सोमा उल्लेख्य सुधार आई रु. २६७ अर्व पुगेको अनुमानछ ।
- यो सञ्चिति ८ महिनाको बस्तु र करीब ७ महिनाको बस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुनेछ ।
- कूल आयात गतवर्षको तुलनामा ३५.२ प्रतिशतले बृद्धि हुने अनुमान रहेको छ ।
- चालू आर्थिक वर्षको ११ महिनासम्म कूल बस्तु ब्यापार घाटा ४९.६ प्रतिशतले बृद्धि भै रु. २८७ अर्व ६२ करोड पुगेको छ ।
- बाणिज्य बैंकहरुको कुल निक्षेप २०६६ असारको तुलनामा १२.२ प्रतिशतले बृद्धिभई २०६७ असार मसान्तमा रु. ६१७ अर्व पुगेको अनुमानछ ।

स्रोत : नेपाल राष्ट्र बैंकबाट प्रकाशित आर्थिक वर्ष २०६७।६८ मौद्रिक नीति

परिचालनमा जोड दिइयो । सहश्राब्दी विकासका राष्ट्रिय लक्ष्यहरु पूरा गर्न स्रोतसाधनलाई प्राथमिकीकरण गरी आवश्यक लगानी प्रवाह भयो ।

३. छिमेकी, क्षेत्रीय तथा विश्व अर्थ व्यवस्थाका अनुकूल असरहरुलाई ग्रहण गर्ने र प्रतिकूल प्रबृत्तिहरुबाट जोगिन तत्कालिन र अल्पकालिन रणनीतिहरु अवलम्बन गरियो । मौद्रिक तरलता व्यवस्थापन, लगानी सन्तुलन र उत्पादन क्षेत्रमा पूँजी परिचालनकोलागि अनुकूल परिवेश सिर्जना गर्न वित्त एवं मौद्रिक नीतिको कार्यान्वयनमा समन्वय गरी समयानुकूल कदमहरु चालियो ।

४. यस आर्थिक वर्षको प्रारम्भदेखिनै कतिपय समष्टिगत आर्थिक परिसूचकहरु अपेक्षित रुपमा सकारात्मक अवस्थामा थिएनन् । विशेषतः न्यून आर्थिक बृद्धिदर, व्यापार घाटामा बृद्धि, विप्रेषण आप्रवाहको बृद्धिदरमा कमी, घट्दो निर्यात, सोधनान्तर घाटा तथा उच्च मूल्य बृद्धिदरले अर्थ व्यवस्थालाई प्रभावित गरिनै रह्यो । विदेशी विनिमय सञ्चितिमा ह्रास तथा निक्षेपको बृद्धिमा शिथिलता आएकाले बैंकिङ्ग क्षेत्रले तरलता संकुचन अनुभव गऱ्यो । यिनै परिवेशमा चालिएका सुधार कार्यहरुले पछिल्लो समयमा अर्थतन्त्रमा सुधारका संकेतहरु देखिएका छन् । खासगरी मौद्रिक तथा कर्जा व्यवस्थापन, विदेशी विनिमयको अनुगमन तथा वित्तीय नीतिमा गरिएका सामयिक परिवर्तनले अनुकुल नतिजा ल्याउन सहयोग पुऱ्यायो ।

# आर्थिक वर्ष २०६६।६७ मा अर्थ मन्त्रालयले संचालन गरेका प्रमुख कार्यक्रमहरु र ती अन्तर्गत सम्पादन भएका मुख्य मुख्य कार्यहरु

अर्थ मन्त्रालयका कार्यहरु प्रभावकारी, परिणाममूखी र उत्पन्न परिस्थितिलाई तत्कालै सम्वोधन गर्ने जिम्मेवार सरकारको आदर्शबाट प्रेरित रहेका छन् । समृद्ध नेपाललाई अर्जुनदृष्टिमा राखेर उत्कृष्ट सेवा प्रवाह गर्नु मन्त्रालयको मूल्य र मान्यता हो । मन्त्रालयबाट सम्पादित कामहरु शासकीय सुधार वा सुशासन प्रवर्द्धन तर्फ नै केन्द्रीत र एक अर्काको परिपुरकको रुपमा रहेकाछन् । तथापी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उपलब्ध गराईएका बूँदाहरुलाई आधार गरेर मन्त्रालयबाट गरिएका कार्यहरुलाई शासकीय सुधार अन्तर्गतका कार्य र सुशासन अन्तर्गतका कार्यहरु गरी प्रस्तुत गरिएकोछ ।

# शासकीय सुधारसँग सम्बन्धित कार्यहरु

*सार्वजनिक खर्च व्यवस्थापन*

१. सार्वजनिक खर्चलाई पूर्वाधार सेवाको निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, समावेशी विकास, सामाजिक सुरक्षा, लगानी बृद्धि एवं निजी क्षेत्रको विकास र पुनर्स्थापना एवं पुनर्निर्माणका क्षेत्रमा बढी प्रवाह गरिएकोछ ।

२. सार्वजनिक खर्चलाई परिणाममा आधारित लगानी (Result Based Investment) तर्फ केन्द्रित गरिएको छ । महत्वपूर्ण आयोजनाहरु सम्पन्न गर्न प्राथमिकता दिइएकोछ ।

३. मध्यकालीन खर्च संरचनाको अवधारणा अनुरुप बहुबर्षीय विनियोजनलाई संस्थागत गर्ने क्रममा यसै वर्ष देखि त्रिवर्षीय बजेट तर्जूमा गरी व्यवस्थापिका–संसद समक्ष प्रस्तुत गरियो ।

४. यसै अवधिमा गठन गरिएको सरकारी बजेट तथा सार्वजनिक खर्च पुनरावलोकन आयोगले आफनो अन्तरिम प्रतिवेदन बुझाएको छ ।

५. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६६ कार्यान्वयनमा ल्याइएको छ ।

६. यस वर्षको कुल बजेटको १७.३० प्रतिशत बजेट लैंगिक उत्तरदायी बजेटको रुपमा छुट्याइएको थियो । लैंगिक उत्तरदायी बजेटको प्रभावकारिता सन्दर्भमा सम्बन्धित मन्त्रालय र स्थानीय निकायहरुका राष्ट्रसेवकहरुलाई सो सम्बन्धी सैद्धान्तिक, व्यवहारिक अभ्यास र जागरुकता ल्याउन विभिन्न तालीम कार्यक्रमहरु सञ्चालन गरिएकोछ ।

७. भौगोलिक आधारमा हुम्ला, जुम्ला, मुगु, कालिकोट, डोल्पा, दार्चुला बझाङ, दैलेख, बाजुरा, मुस्ताङ्ग, जाजरकोट र रुकुम जिल्लाहरुको लागि विनियोजित रकम २०६७ कार्तिक मसान्तसम्म फ्रिज नहुने व्यवस्था गर्ने नेपाल सरकारको निर्णय भएअनुसार कार्तिक मसान्तसम्म फ्रिज नहुने व्यवस्था कार्यान्वयन गरिएको छ ।

८. बजेट निर्माण, खर्च, लेखापालन र वित्तीय प्रतिवेदन एवं लेखापरीक्षण गर्दा उत्तरदायित्वमा जोड दिइएको छ ।

९. बजेट व्यवस्थालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउन सरकारी वित्त तथ्यांक (GFS) अनुरुप बजेटका उपशीर्षक, खर्च शीर्षक, क्रियाकलापको कोडिङ र राजस्वका शीर्षकहरुमा परिमार्जनको लागि आवश्यक तयारी पुरा भएको छ ।

१०. नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) लागू गर्न तीन वर्षे कार्ययोजना स्वीकृत भएकोछ ।

११. सार्वजनिक वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) कार्यक्रम कार्यान्वयनको लागि रणनीतिक पत्र तयार भएको छ । यसका लागि आवश्यक जनशक्ति विकासको लागि तालीमहरु सम्पन्न भैरहेका छन् ।

१२. चालू खर्चलाई नियन्त्रण गर्न देशविदेश भ्रमण र आर्थिक सहायता नियमनका लागि परिपत्र जारी गरियो ।

१३. दलित र गैरदलित विचको अन्तरजातिय विवाह प्रोत्साहन निर्देशिका, २०६६ तर्जूमा गरी कार्यान्वयनमा आएको छ ।

१४. खर्चलाई प्रभावकारी बनाउन बजेट कार्यान्वयनको मध्यावधि समिक्षा गरियो । यसबाट देखिएका प्रबृत्तिअनुसार खर्च हुन नसकिरहेका क्षेत्रबाट रकम आवश्यक भएको क्षेत्रमा रकमान्तर-स्रोतान्तर गरेर आयोजना समयमै सम्पन्न गर्न सहयोग गरिएको छ । जस्तैः मेलम्ची खानेपानी आयोजनामा खर्च नभइरहेको रकम रणनीतिक सडकका मोटर चल्ने पुलहरु निर्माणमा लगानी गरियो ।

१५. सरकारी लेखा पद्धतिलाई छिटो, छरितो र व्यवस्थित बनाउनकोलागि एकल खाता कोष प्रणाली निर्देशिका तयार गरी भक्तपुर र ललितपुर जिल्लामा नमूनाको रुपमा लागू गरिएको छ । आगामी आर्थिक वर्षमा नुवाकोट, धादिङ, कास्की, बाग्लुङ, बाँके र सुर्खेत जिल्लामा एकल खाताकोष प्रणाली (TSA) लागू गरिने कार्यक्रम रहेकोछ ।

१६. योगदान सहितको निवृत्तिभरण प्रणाली स्थापनाकालागि विधेयक मस्यौदा लगायतका प्रारम्भिक तयारीहरु पुरा भएकोछ ।

१७. आर्थिक वर्ष २०६६/६७ सम्म अर्थ मन्त्रालय तथा अन्तर्गतका विभाग तथा कार्यालयहरुको कूल रु. ६ अर्व ५२ करोड १५ लाख ४७ हजार वेरुजु रहेकोमा यस आर्थिक वर्षको अन्त्यसम्म रु. ३ अर्व १३ करोड ७८ लाख ४० हजार वेरुजु फछ्र्योट भएको छ । यो फछ्र्योट रकम कूल बेरुजुको ४९.१६ प्रतिशत रहेको छ ।

१८.	नेपाल सरकारको घर जग्गा तथा भवनसम्बन्धी अभिलेख तयार भैरहेको छ ।

*करको दायरा विस्तार*

१९.	**“हामीले तिरेको कर हाम्रै विकासकालागि आधुनिक र संमृद्ध नेपाल निर्माणकालागि”** भन्ने नाराका साथ कर सहभागिता वर्षको अभियान सञ्चालन गरियो ।

२०.	करको दायरामा नआएका व्यक्ति वा इकाईलाई दायरामा ल्याउन सहयोग पुऱ्याउने उदेश्यले कर सम्बन्धी विषयमा स्नातक गरेका वा इन्टर्नसीप गर्ने विद्यार्थीहरुलाई राजस्व कार्यालयमा स्वयंसेवकको रुपमा संलग्न गराइयो ।

२१.	स्थायी लेखा नम्वर नलिइ विभिन्न रोजगारी व्यवसाय वा लगानी गरी आयआर्जन गरेका तर कर नतिरेका वा आंशिक रुपमा मात्र कर तिरेका परामर्शदाता, चिकित्सक, इन्जिनियर, कानून व्यवसायी, लेखापरीक्षक, कलाकार, कमिशन एजेन्ट लगायतलाई स्थायी लेखा नम्वर लिई आय विवरण पेश गर्न मौका दिइयो ।

*संरचनागत सुधार*

२२.	आन्तरिक राजस्व विभागको संगठन र व्यवस्थापन सर्भेक्षणको काम सम्पन्न भएको छ । सो अनुसार नयाँ दरवन्दी व्यवस्था मिलाइएको छ । काठमाडौं उपत्यका भित्र १३ र काठमाडौं उपत्यका वाहिरका विभिन्न जिल्लाहरुमा १३ गरी २६ वटा सेवा केन्द्रहरु स्थापना गर्ने काम प्रारम्भ भएको छ । वुटवलमा आन्तरिक राजस्व कार्यालयको स्थापना गरिएको छ ।

२३.	भन्सार विभाग र अन्तर्गत कार्यालयहरुको नयाँ संगठन संरचना स्वीकृत भई कार्यन्वयनमा आएको छ । भन्सार जाँचपास पश्चात् परीक्षण (PCA) लाई भन्सार जाँचपासको प्रमुख अंग बनाउने नीति कार्यान्वयनका लागि भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापना भई कार्यारम्भ भैसकेको छ ।

२४.	वर्दिवास, वर्दघाट र अत्तरीयामा चेक पोष्ट स्थापना गरिएको छ । राजस्व अनुसन्धान विभागको संगठन तथा व्यवस्थापन सर्भेक्षण भएको छ ।

*कानूनी सुधार*

२५.	सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ लाई संशोधन गर्ने विधेयक व्यवस्थापिका–संसद समक्ष पेश गरिएकोछ ।

२६.	बैंक तथा वित्तीय संस्था सम्बन्धि कानूनमा संशोधन र एकिकरण गर्ने विधेयकको मस्यौदा तयार भएको छ ।

२७. सम्पत्ति शुद्धिकरणलाई निरुत्साहित गर्न र अनुसन्धान प्रक्रियालाई प्रभावकारी बनाउन सम्पत्ति शुद्धिकरण नियमावली, २०६६ कार्यान्वयनमा आइसकेकोछ ।

२८. युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन) नियमावलीमा संशोधन गरिएकोछ ।

२९. सदाचार पद्धतिमा सुधार गर्नका लागि कर्मचारी आचारसंहिता, २०६६ बनाई लागू गरिएको छ ।

३०. यस अवधिमा मन्त्रालयका तर्फबाट नेपाल राजपत्रमा २४६ वटा सूचना प्रकाशित गरिएको छ ।

*वित्तीय क्षेत्र सुधार तथा असल ऋणी राहत*

३१. आर्थिक वर्षको प्रारम्भतिर चाडवाडको समयमा बैंकमा देखिएको नोट आपूर्ति समस्या समाधान गर्न उच्चस्तरीय समिति गठन गरियो ।

३२. अन्तर्राष्ट्रिय परिदृश्यको सन्दर्भमा राष्ट्रिय अर्थव्यवस्था विश्लेषण गरी सुझाव प्रस्ताव गर्न आर्थिक गतिविधि अनुगमन समितिको गठन गरियो ।

३३. तरलतामा देखिएको संकुचनलाई सम्वोधन गर्न रिपो, व्याजदरका अतिरिक्त सरकारी संस्थाहरुबाट भैरहेको वित्तीय कारोवारलाई समेत नियमन गर्न आवश्यक समन्वय गरियो ।

३४. धितोपत्र बजारलाई पारदर्शी, व्यवस्थित र लगानी–मैत्री बनाउन, बजार अनुगमन तथा नियमन प्रणालीलाई थप सुदृढ तुल्याउन र पूँजिको उत्पादनशील परिचालनमा जोड दिई लगानीकर्ताहरुको हित संरक्षणकोलागि केन्द्रीय निक्षेपण प्रणाली स्थापना गर्न प्रारम्भिक तयारी पुरा भएकोछ ।

३५. धितोपत्र दर्ता तथा संचालन नियमावली, २०६४ मा जलविद्युत क्षेत्रलाई समावेश गरी सञ्चालन हुने स्थान र जिल्लाका बासिन्दाहरुकालागि १० प्रतिशत शेयर वितरण र कर्मचारीहरुलाई पाँच प्रतिशत शेयर दिने व्यवस्था गर्ने गरी नियमावली संशोधन गरिएको छ ।

३६. सडक दुर्घटनाका कारण मृतक परिवारजनलाई तत्काल राहत प्रदान गर्न २०६६ भाद्र १६ गते देखि तेस्रो पक्ष वीमा कार्यान्वयनमा आएको छ । तेस्रो पक्ष वीमा अनिवार्य रुपमा सबै सार्वजनिक तथा निजी यातायातका साधनहरुले गर्नु पर्ने व्यवस्था रहेको छ ।

३७. असल ऋणी तथा संकटमा रहेका चिया उत्पादक साना किसान, व्यवसायी ऋणीलाई व्याज छुट तथा मिन्हा सम्बन्धी कार्यविधि, २०६६ तर्जूमा गरी लागू गरियो ।

३८. विगतको द्वन्द्वको क्रममा विस्थापित भएकाहरुको पुर्नस्थापना, सम्पत्ती कब्जा र उनीहरुले लिएको ऋणको साँवा र व्याज मिनाहा स्वरुप रु. ६९ लाख १८ हजार र संकटमा परेका चिया उत्पादक साना किसानले ऋणको सावाँ बुझाएमा सम्पूर्ण ब्याज मिनाहा दिने व्यवस्थाअनुसार रु. ११ करोड १४ लाख ९० हजार सम्बन्धित बैंकलाई सोधभर्ना उपलब्ध गराइएको छ ।

३९. असल ऋणीहरुलाई प्रोत्साहन गर्न कृषि विकास बैंक, नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र साना किसान सहकारी बैंकबाट रु. ५० हजारसम्मको ऋण लिई आर्थिक वर्ष २०६६/६७ मा किस्ता बुझाउने साना किसान तथा व्यवसायीलाई बुझाउने ब्याजमा ५० प्रतिशत छुट दिने व्यवस्थाको कार्यान्वयन गरियो ।

*बैदेशिक सहायता परिचालन*

४०. सबै प्रकारका वैदेशिक सहायतालाई राष्ट्रिय वजेटमा समावेश गराउने तर्फ जोड दिइएको छ । समग्रमा वैदेशिक सहायता प्रतिवद्धतामा उत्साहजनक प्रगति भएतापनि केही आयोजनाहरुको निर्माणमा भएको ढिलाईले सहायता उपयोगमा सुस्तता देखिएको छ । केही आयोजनाहरुले समयमै सोधभर्ना प्राप्त गर्न नसकेको स्थिति विद्यमान रहेको छ । यसो हुनुको प्रमुखकारण दातृ निकायमा समयमै वित्तीय विवरणहरु पठाई सोधभर्ना लिने क्षमतामा रहेको कमी देखिन्छ । यसबाट नेपाल सरकारको स्रोतमा व्यापक चाप पर्न गई बजेट घाटामा बृद्धि भई ट्रेजरी पोजिसन नकारात्मक हुँदै गएको छ ।

४१. विभिन्न दातृ राष्ट्र तथा संस्थाहरुसँग सम्पन्न संझौताहरुको विवरण सन्धी ऐनमा भएको प्रावधान बमोजिम व्यवस्थापिका–संसद समक्ष पेश गरिएकोछ ।

४२. वैदेशिक सहायता प्रभावकारीता सम्बन्धी पेरिस घोषणा अनुरुप National Action Plan for Aid Effectiviness (NAP) को मस्यौदा तयार भएकोछ ।

४३. वैदेशिक सहायता सम्बन्धी नीतिको परिमार्जित मस्यौदा तयार भएको छ ।

४४. विश्व बैंक, वेलायत, एसियाली विकास बैंक र जाइका समेत सम्पूर्ण दातृनिकायहरुको सहभागितामा Nepal Portfolio Performance Review (NPPR) सम्पन्न गरियो ।

४५. विभिन्न आयोजनाहरुकोलागि विभिन्न दातृ निकायहरुसंग ऋण तथा अनुदान वार्ता तथा सम्झौताहरु गरियो ।

४६. वैदेशिक सहायता प्रभावकारीता सम्बन्धि पेरिस घोषणा अनुरुप पेरिस घोषणापत्रको दोस्रो चरणको मूल्यांकनकालागि अवधारणापत्र तयार गरियो ।

*सार्वजनिक संस्थान सुधार*

४७. सार्वजनिक संस्थानका कर्मचारी सेवा शर्त नियमावलीमा समावेशी सिद्धान्तअनुसार नियुक्ति तथा बढुवा व्यवस्थामा सुधार र संशोधनको व्यवस्था मिलाइयो ।

४८. सरकारी स्वामित्वका सार्वजनिक संस्थान, प्रतिष्ठान वा अन्य सार्वजनिक निकायका पदाधिकारी नियुक्ति गर्दा निष्पक्षता, समानता र कार्यदक्षता सुनिश्चित गर्न मापदण्ड तयारपारी कार्यान्वयनको व्यवस्था गरिएको छ ।

४९. सार्वजनिक संस्थानमा प्रभावकारिता ल्याउन, ती संस्थानहरुमा हुने राजनैतिक नियुक्तिकालागि मापदण्ड तयार गर्न तथा ती संस्थानहरुको व्यवस्थापकीय सुधार गर्नकोलागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६६/७/६ को निणार्यनुसार गठन भएको उच्चस्तरीय समितिले संस्थान सुधारको नीतिगत तथा कार्यगत सुधारकोलागि प्रारम्भिक मस्यौदा तयार गरेको छ ।

५०. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६४।२।२७ को निर्णयबाट स्वीकृत भई मिति २०६५।७।२९ मा संशोधन भएको सरकारी स्वामित्वका सार्वजनिक संस्थान, प्रतिष्ठान वा अन्य सार्वजनिक निकायका पदाधिकारी नियुक्ति गर्दा अपनाउनु पर्ने मापदण्ड कार्यान्वयन गरिएको छ ।

५१. सार्वजनिक संस्थानहरुको सम्पत्ति अनुगमनकालागि समिति गठन भै काम शुरु भैरहेको छ ।

*राय, परामर्श र जनसहभागिता*

५२. आर्थिक वर्ष २०६७/०६८ को लागी बिभिन्न व्यक्ति, संघसंस्था तथा निकाय जस्तै : उद्योग बाणिज्य महासंघ, चेम्बरअफ कमर्श, विषयगत तथा वस्तुगत संघ सस्थाहरुबाट प्राप्त हुने सुझावहरु समेटी राजस्व परामर्श सम्बन्धि प्रतिवेदन, २०६७ को मस्यौदा तयार गर्ने कार्य गरिएको छ ।

५३. केन्द्रीय राजस्व बोर्ड स्थापना गर्ने सम्बन्धमा तयार भएको अध्ययन प्रतिवेदनका आधारमा कानून तर्जूमाका लागि विधेयकको मस्यौदा तयार भैरहेकोछ ।

*स्वरोजगार कार्यक्रम*

५४. एकलाख आठ हजार नौं सय जनालाई स्वरोजगार तथा व्यावसाय सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरियो ।

५५. रिक्सा चालकहरुलाई रिक्सा मालिक बनाउन सुदूरपश्चिम, धनगढीका ८० जना रिक्सा चालकहरुलाई ऋण प्रदान गरियो ।

५६. यस कार्यक्रममा सहभागी हुन चाहनेहरुलाई ऋण उपलब्ध गराउन किष्ट बैंक लिमिटेडसँग सम्झौता गरी सो बैंकलाई लगानी गर्न रु. १० करोड उपलब्ध गराइएकोछ ।

५७. बाणिज्य बैंकहरुबाट प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत लगानी गर्ने रकम मध्ये रु. ३ अर्व ५६ करोड यस कोषमा जम्मा रहेकोछ ।

*अधिकारको बिकेन्द्रीकरण*

५८. आन्तरिक राजस्व, भन्सार र राजस्व चुहावट नियन्त्रणका क्षेत्रमा कार्यरत विभागीय प्रमुख तथा मातहतका अधिकृतहरुलाई आयकर ऐन, मूल्य अभिबृद्धि कर ऐन, भन्सार ऐन र राजस्व चुहावट नियन्त्रण ऐन लगायतका ऐन तथा नियमावलीले नै अधिकार किटान गरेको अवस्था छ ।

५९. प्रशासकीय तथा ऐनमा स्पष्ट नभएका कार्यहरुको सन्दर्भमा माननीय मन्त्रीबाट सचिवहरु र सचिवहरुबाट महाशाखा प्रमुख, विभागीय प्रमुख र मातहतका अधिकृतहरुलाई अधिकार प्रत्यायोजन गरिएकोछ ।

# सुशासनसँग सम्बन्धित कार्यहरु

*विद्युतीय माध्यमबाट सेवा प्रवाहमा विस्तार*

१. करदाता र कर प्रशासन बीचको मानवीय सम्पर्क यथासक्य कम गर्ने दृष्टिकोणबाट विद्युतीय कर सुशासनको विकास गर्न विद्युतीय सुशासन गुरुयोजना तर्जूमा गरी कार्यान्वयनमा ल्याइएको छ । यो योजनाले आगामी पाँच वर्ष भित्रमा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरुबाट करदाताहरुलाई पूर्ण रुपमा विद्युतीय माध्यमबाट करसेवा उपलव्ध गराउने लक्ष्य राखेको छ ।

२. अन्तःशुल्क सम्बन्धी तथ्यांक र विवरणलाई कम्प्युटरराइज्ड गर्न एकिकृत अन्तःशुल्कको सफ्टवेयर तयार भएको छ । सूचना प्रविधिमा सुधार गर्न साविकको oracle 8i लाई oracle Data base 10g मा स्तरोन्नती गरिएकोछ ।

३. विद्युतीय सूचना प्रणाली र विद्युतीय आन्तरिक अनुगमन प्रणालीको विकास गरिएको छ । आयकर र मूल्य अभिबृद्धि करको विवरण विद्युतीय माध्यमबाट पठाउन सकिने व्यवस्था मिलाईएको छ ।

४. विद्युतीय माध्यमबाट स्थायी लेखा नम्वर लिन सकिने सुविधा कार्यान्वयनमा आइसकेको छ । यसरी करसेवा प्रवाहमा रहेको In line पद्धतिलाई On line पद्धतिमा रुपान्तरण गर्न प्रयास गरिएको छ ।

५. भन्सार विभागको डेटावेसलाई अध्यावधिक र सुधार गरिएको छ । मूल्यांकन डेटावेसलाई परिमार्जन, विस्तार र वेभमा आधारित गरी सबै प्रमुख भन्सार कार्यालयको पहुँचमा पुऱ्याइएको छ । वाइड एरिया नेटवर्क (WAN) को काम सम्पन्न गरी सञ्चालनकोलागि उपकरण परीक्षण भइरहेको छ ।

६. राजस्व अनुसन्धान विभागमा केन्द्रिय सूचना प्रणालीको स्थापना गरिएको छ ।

७. जनगुनासो व्यवस्थापन निर्देशिका, २०६६ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट यस मन्त्रालयमा विद्युतीय माध्यम (कम्प्यूटर नेटवर्क) मार्फत प्राप्त भएका यस मन्त्रालय तथा अन्तर्गतका विभाग तथा कार्यालयहरुसंग सम्बन्धित उजुरी, गुनासो तथा शिकायतहरुलाई समयमा नै फछ्र्यौट गरी विद्युतीय माध्यमबाट जानकारी प्रवाह गर्ने गरिएकोछ ।

८. वैदेशिक सहायता सूचना व्यवस्थापन प्रणालीको स्थापना भएको छ ।

*कार्यप्रक्रिया सरलीकरण*

९. आयकर निर्देशिका, २०६६ तर्जूमा भै प्रयोगमा आएको छ । मूल्य अभिबृद्धि कर र अन्तशुल्क निर्देशिका, २०६६ को मस्यौदा तयार भएको छ । लेखा परीक्षण निर्देशिका तर्जूमाको कार्य पनि भैरहेको छ ।

१०. करदाताहरुको जिज्ञासा समाधानको लागि आन्तरिक राजस्व विभागबाट कल सेन्टर सञ्चालन गर्न थालिसकिएको छ । यस अन्तर्गत ८०० वटा प्रश्न र उत्तर (Frequently Asked Questions, FAQ's) तयार गरी प्राप्त जिज्ञासा तथा समस्याको समाधान गर्ने गरिएको छ ।

११. मेची, विराटनगर, वीरगन्ज, सुख्खा वन्दरगाह, भैरहवा, कृष्णनगर, त्रिभूवन विमानस्थल र तातोपानी भन्सार कार्यालयहमा ब्रोकर मोडल लागू गरियो । विराटनगर, बीरगन्ज, सुख्खाबन्दरगाह, भैरहवा र त्रिभूवन विमानस्थल भन्सार कार्यालयहरुमा सेलेक्टीभिटी मोडल लागू भयो ।

१२. भन्सार विभागमा केन्द्रिय जोखिम व्यवस्थापन इकाईको गठन भएको छ । सेलेक्टीभिटी मोडल लागू भएका भन्सार कार्यालयहरुमा स्थानीय जोखिम व्यवस्थापन इकाई गठन भई कार्य शुरु गरिएको छ ।

१३. विदेशबाट नेपाल प्रवेश गर्ने यात्रुहरुले ल्याएका निजी प्रयोगका मालबस्तु जाँचपास गर्ने प्रयोजनकालागि त्रिभूवन विमानस्थल भन्सार कार्यालयमा बेग्लै कक्षको स्थापना गरी एकद्वार प्रणालीबाट जाँचपास गर्ने प्रणाली प्रारम्भ भएकोछ ।

१४. अर्थ मन्त्रालयको त्रिवर्षीय योजना (आर्थिक वर्ष ०६७।६७-०६९।७०) को मस्यौदा तर्जूमा गरिएको छ ।

*सूचना प्रवाह*

१५. कर सहभागिता बृद्धिमा सहयोग पुर्‍याउन प्रचारप्रसारका लागि कान्तिपुर टेलिभिजनबाट हरेक हप्ता **“समृद्ध नेपाल”** नामक टेलिभिजन कार्यक्रम सञ्चालन गर्न शुरु गरियो ।

१६. देशको आर्थिक गतिविधि सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले रेडियो नेपालबाट “आर्थिक रेडियो नेपाल कार्यक्रम” प्रसारण गरियो ।

१७. पत्रकार भेटघाट, प्रेश विज्ञप्ती जारी गर्ने, विभिन्न कार्यक्रम/अवसरहरुमा जानकारी प्रवाह गर्ने कार्यहरु भए ।

१८. भन्सार प्रशासनको काम कारवाहीमा सरोकारवाला एवं सर्वसाधारणको पहुँच पुऱ्याउन भन्सार दरवन्दी, एकीकृत भन्सार दरवन्दी, बस्तुबर्गिकरण, निर्णय संग्रह, आयात निर्यातको वस्तुगत विवरण, भन्सारसँग सम्बन्धित ऐन, नियम, सूचना तथा परिपत्रहरुको संगालो प्रकाशन गरिएकोछ । यी सामग्रीहरु भन्सार विभागको वेभसाइटमा पनि हेर्न सकिन्छ ।

१९. आन्तरिक राजस्व विभागको काम कारवाहीमा सरोकारवाला एवं सर्वसाधारणको पहुँच पुऱ्याउन आयकर, मुल्यअभिबृद्धि कर र अन्तःशुल्कका ऐन नियमहरु तथा समयम समयमा जारी भएका परिपत्रहरुको प्रकाशन गरियो ।

*पूर्वाधार विकास*

२०. मेची भन्सार कार्यालयमा सुख्खा वन्दरगाह निर्माणको कार्य सम्पन्न भएकोछ । तातोपानीको लार्चामा सुख्खा वन्दरगाहा निर्माणको लागि २२१ रोपनी जग्गा अधिग्रहण गरिएकोछ ।

२१. अर्थ मन्त्रालयको Annex Building निर्माण कार्य सम्पन्न भएको छ । भवनको आन्तरिक विद्युतीकरण, पार्टिसन, फर्निचर र सजावटका कार्यहरु भैरहेकाछन् ।

२२. उपत्यका स्थित आन्तरिक राजस्व कार्यालयहरुको करदाता सेवा कक्षलाई सुधार गरिएकोछ ।

*अनुसन्धान, छानविन तथा मुद्दा दायर*

२३. कर परीक्षण र अनुसन्धानको गुणस्तरीयता कायम गर्न कर परीक्षण र अनुसन्धान भएका कर विवरण मध्ये ठूला करदाता कार्यालयको १० प्रतिशत र अन्य कार्यालयको २ प्रतिशत विवरणहरु विज्ञ समूहबाट तोकिएको जोखिम सूचकांकको आधारमा पुनरावलोकन गर्ने ब्यवस्था शुरु गरिएकोछ ।

२४. रु. १० लाख भन्दा बढीको खरिद विक्री र कर फिर्ताका विजकहरु कम्प्यूटर प्रविष्टी गर्नुपर्ने ब्यवस्था गरिएकोछ । यसबाट करदाताको कारोवारको परीक्षण र अनुसन्धान गर्न सहयोग पुगेकोछ ।

२५. युनिटिलाईफ इन्टरनेशनल प्रा.लि. को कारोवार, विभिन्न फर्महरुले नक्कली भौचर बनाइ राजस्व दाखिला गरेको विषय र सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी विषयमा छानविन र अनुसन्धान गरिएको छ ।

२६. विदेशी विनिमय अपचलन तथा अवैध ओसार पसारका क्षेत्रमा अनुसन्धान गरी मुद्दा समेत दायर गरियो ।

२७. राजस्व गस्ती परिचालन भएको छ । ढुवानीका साधनहरुमा चेकजाँच गरिएको छ । भन्सार चोरी पैठारी भैआएका सामानहरु जफतगरी जरिवाना गरिएको छ ।

२८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट निर्देशन भै आएका विभिन्न विषयहरुका उजुरीहरुको समयमै फछ्र्यौट गरिएकोछ ।

*मानव संशाधन विकास*

२९. मन्त्रालय अन्तर्गतको राजस्व प्रशासन तालीम केन्द्रले यस वर्ष पनि राजस्व तथा आर्थिक प्रशासनमा सेवारत कर्मचारीहरुकोलागि आधारभूत, अल्पकालिन तथा सेवाकालिन तालीम संचालन गर्‍यो । आधारभूत तर्फ १५८, सेवाकालिन तर्फ ८१ र अन्य १४६० जना कर्मचारीहरुलाई तालीम उपलब्ध गराइयो ।

३०. मन्त्रालय तथा विभागस्तरबाट पनि जनशक्ति विकासका लागि स्वेदशी तथा विदेशी तालीमको अवसर जुटाइयो । विभिन्नस्तरका करीब २०० जना कर्मचारीहरुलाई विदेशी तथा २५० जनालाई स्वदेशी अल्पकालीन तालीम, सेमीनार, अवलोकन भ्रमणमा सहभागी गराईयो ।

# उपलब्धीहरु

१. राजस्व असूली लक्ष्य रु. १७६ अर्व ५० करोड रहेकोमा रु. १७९ अर्व ९५ करोड राजस्व संकलन भएको छ । लक्ष्यको तुलनामा १०१.९५ प्रतिशत र गत आर्थिक वर्ष २०६५/६६ को तुलनामा २५.४ प्रतिशतले बृद्धि भएको छ । यस अवधिमा कूल राजस्व असूलीमा कर राजस्वको अंश ८६ प्रतिशत र गैरकर राजस्वको अंश १४ प्रतिशत रहेको छ । गत आ.व. २०६५/०६६ को कूल राजस्व असूलीमा कर राजस्वको अंश ८२ प्रतिशत र गैर कर राजस्वको अंश १८ प्रतिशत रहेको थियो । कुल गार्हस्थ उत्पादनमा आर्थिक वर्ष २०६५/६६ मा राजस्व असूली १४.५ प्रतिशत रहेकोमा आर्थिक बर्ष २०६६/०६७ मा १५.१ प्रतिशत रहेको प्रारम्भिक अनुमान छ ।

आ.व.०६६।६७ को राजस्व असूलीको तुलनात्मक विवरण यस प्रकार रहेको छ :

रु.लाखमा

| सि.नं | राजस्व शिर्षक | बार्षिक लक्ष्य | असूली | लक्ष्यको तुलनामा असूली ( प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | भन्सार महशुल | 331257 | 350275 | 105=74 |
| २ | मूल्य अभिबृद्धि कर | 515600 | 534643 | 103=69 |
| ३ | अन्तशुल्क | 196419 | 243121 | 123=78 |
| ४ | आयकर | 362980 | 336479 | 92=70 |
| ५ | शिक्षा सेवा कर | 1200 | 1836 | 153=00 |
| ६ | रजिष्ट्रेसन दस्तुर | 60000 | 55000 | 91=67 |
| ७ | सवारी साधन कर | 35000 | 25321 | 72=35 |
| **कर राजस्व जम्मा** | | 1502456 | 1546677 | 102=94 |
| गैरकर राजस्व | | 262582 | 252783 | 96=27 |
| **कूल राजस्व जम्मा** | | 1765038 | 1799460 | 101=95 |

२. रु. २८५ अर्व ९३ करोड बजेट विनियोजित भएकोमा २०६७ असार मसान्तसम्म कूल रकम २३८ अर्व १९ करोड अर्थात ८३.३० प्रतिशत व्यय भएको छ । गत आर्थिक वर्ष २०६५/६६ मा कूल रु. २३६ अर्व १ करोड विनियोजित गरिएकोमा २०१ अर्व १० करोड व्यय भएको थियो । जुन विनियोजित रकमको ८५.२० प्रतिशत

आर्थिक वर्ष ०६६।६७ को व्यय बजेटको विवरण :

रु.लाखमा

| सि.नं | बजेट शिर्षक | विनियोजित बजेट रु. | खर्च रु. | विनियोजितको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु खर्च | 1606324 | 1443784 | 89=88 |
| २ | पूँजीगत खर्च | 1062848 | 753843 | 70=93 |
| ३ | साँवा भुक्तानी | 190128 | 184323 | 96=95 |
| | जम्मा खर्च | 2859300 | 2381950 | 83=30 |

रहेको थियो । यस वर्षको पूँजीगत खर्च गत आर्थिक वर्ष २०६५/६६ को तुलनामा २०.२ प्रतिशतले बृद्धि भएको छ ।

३. वैदेशिक सहायता परिचालन तर्फ रु. ७८ अर्व ५१ करोड प्राप्त गर्ने लक्ष्य राखिएकोमा विभिन्न ४४ वटा आयोजनाहरुको कार्यान्वयन गर्न रु. ९६ अर्ब ६१ करोड बराबरको वैदेशिक सहायता प्राप्त गर्ने सम्बन्धी संभ्कौताहरु सम्पन्न भएका छन् । लक्ष्य भन्दा १२३.०४ प्रतिशतले बढी वैदेशिक सहायता प्राप्त हुने गरी सम्भ्कौता सम्पन्न गर्न सफलता मिलेकोछ ।

४. कूल करदाताको संख्या ५ लाख ९३ हजार ९ सय ७७ पुगेको छ । मूल्य अभिबृद्धिकर र आयकरको विवरण पेश गर्ने करदाताहरु मध्ये क्रमशः ६० प्रतिशत र ३५ प्रतिशत विवरण विद्युतीय माध्यमबाट प्राप्त भएको छ । विद्युतीय माध्यमबाट स्थायी लेखा नम्वर लिनेको संख्या १ लाख ५ हजार ७२४ पुगेको छ । यसबाट करको दायरा विस्तार भई सर्वसाधारणको पहुँच बढेकोछ ।

करदाताको विवरण

| सि.नं. | विवरण | आ.ब. ०६५/६६ सम्म | आ.ब. ०६६/६७ थप | कूल करदाता संख्या |
|---|---|---|---|---|
| १ | आयकर तर्फ | ३,५५,१८७।– | ५०,९०२।– | ४,०६,०८९।– |
| २ | मूल्य अभिबृद्धिकर तर्फ | ६९,६९४।– | १२,४७०।– | ८२,१६४।– |
| ३ | ब्यक्तिगत स्थायी लेखा नं. | | १,०५,७२४।– | १,०५,७२४।– |
| | जम्मा | ४,२४,८८१।– | १,६९,०९६।– | ५,९३,९७७।– |

५. राजस्व जोखिमका आधारमा शुरु गरिएको अनुसन्धानले संकलनमा बृद्धि ल्याएको छ । करदाताको व्यवसाय लागत घट्दो प्रबृत्तिमा छ । कर प्रणालीप्रति करदाताको विश्वास बढ्दो छ ।

६. भन्सार एजेन्टले भन्सार कार्यालयका सहयोगी विना स्वयंले प्रज्ञापनपत्र भरी भन्सार कार्यालयमा सम्प्रेषण गर्न सक्ने भएकाछन् । जोखिम धेरै भएका वस्तुको विस्तृत जाँच हुने र जोखिम नभएका वस्तुहरुको भौतिक परीक्षण विना नै जाँचपास हुने हुंदा व्यापार सहजीकरण र जाँचपास अन्तर्राष्ट्रियस्तरको हुन पुगेको छ ।

७. विदेशबाट नेपाल प्रवेश गर्ने यात्रुले ल्याएका निजी प्रयोगका मालवस्तु जाँचपास गर्ने प्रयोजनका लागि त्रिभूवन विमानस्थल भन्सार कार्यालयमा वेग्लै कक्षको स्थापना गरी एकद्वार प्रणालीबाट जाँचपास शुरु गरिएको छ ।

८. भन्सार कानून लगायत भन्सार जाँचपासको सूचनाहरुको पहुँचमा विस्तार आई पारदर्शिता र स्वच्छता बढेको छ । भौतिक पूर्वाधारको विकास नयाँ संगठन संरचनाको कार्यान्वयन र तालिमको व्यवस्थाले कार्यवातावरण र कर्मचारी मनोवलमा सकारात्मक असर परेको छ ।

९. चुहावट नियन्त्रणका प्रयासहरुले राजस्व अनुन्धान विभागबाट रु. ३६ करोड ३३ लाख भन्सार विभागबाट ३० करोड र आन्तरिक राजस्व विभागबाट ४० करोड गरि कुल १ अर्व ६ करोड ३३ लाख प्रत्यक्षः राजस्वमा थप योगदान भएको छ भने अप्रत्यक्ष रुपमा यसको असरले आर्थिक कारोवारको स्वच्छतामा बृद्धि ल्याउन र कानूनको पालना गर्न योगदान पुगेको विश्वास गर्न सकिन्छ ।

१०. तेस्रो पक्ष वीमा अनिवार्य रुपमा सबै सार्वजनिक तथा निजी यातायातका साधनहरुले गर्नु पर्ने व्यवस्थाको कार्यान्वयनबाट राजमार्ग अवरोधका घटनाहरुलाई उल्लेखनीय रुपमा घटाएको अनुभव गरिएकोछ ।

११. आर्थिक वर्षको प्रारम्भतिर चाडवाडको समयमा बैंकमा देखिएको नोट आपूर्ति समस्या समाधान गर्न उच्चस्तरीय समिति गठन गरी समितिले दिएको सिफारिस तथा तत्काल चालिएका कदमहरुबाट नोटको आपूर्तिमा सहजता आयो ।

१२. अन्तर्राष्ट्रिय परिदृश्यको सन्दर्भमा राष्ट्रिय अर्थव्यवस्था विश्लेषण गरी सुझाव प्रस्ताव गर्न आर्थिक गतिविधि अनुगमन समितिको सिफारिस बमोजिम समष्टिगत आर्थिक परिसूचकहरुमा सुधार ल्याउन यो समितिको सिफारिसले मद्दत पुऱ्यायो ।

# समस्याहरु

१. अग्रीम बजेट (Early Budget) को व्यवस्था कार्यान्वयनमा आउन नसक्नु ।
२. बजेट कार्यान्वयनकालागि क्षेत्रगत मन्त्रालय वा निकायहरुले आवश्यक कार्यविधि र प्रक्रियाहरु पुरा गर्न मै धेरै समय लगाउनु ।
३. स्वेच्छिक कर सहभागिता बढाउन र कर सहभागिता लागतलाई उल्लेख्य रुपमा घटाउन नसक्नु । कराधारलाई अपेक्षित रुपमा फराकिलो बनाउन नसकिनु ।
४. करको प्रभावकारी उपयोग तर्फ करदाताहरुको विश्वास बढाउन नसक्नु । कर कानूनको पालना नगर्ने उपरको अनुसन्धान र कारवाही प्रभावकारी हुन नसक्नु ।
५. चोरी पैठारी नियन्त्रण गर्न इन्टेलिजेन्स सहितको भन्सार प्रहरीको संस्थागत संरचना निर्माण हुन नसक्नु ।
६. भन्सार मूल्यांकनलाई कारोवार मूल्यको सिद्धान्त बमोजिम यथार्थ र पारदर्शी बनाउन सरोकारबाला एवं सम्बद्ध ब्यापारीहरुबाट पर्याप्त सहयोग नहुनु ।
७. सिमा गस्ती प्रभावकारी नहुँदा अनौपचारिक ब्यापार र चोरी पैठारीलाई पूर्णतः रोक्न कठिनाई भएको ।
८. ठूला भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा बैदेशिक सहायताको परिचालन बढन नसक्नु ।
९. आयोजना तथा कार्यक्रमकालागि सम्झौता पूर्व पर्याप्त तयारी नहुनु ।
१०. सवै प्रकारका बैदेशिक सहायता राष्ट्रिय बजेट प्राणालीमा समावेश हुन नसक्नु ।
११. सहयोग रकम खर्च गर्ने क्षमता कमजोर हुनु । कतिपय आयोजनाहरुको कार्यान्वयन स्तरमा अवरोध सिर्जना हुनु ।
१२. हिमाली, पहाडी र तराईका दुर्गम स्थानमा वित्तीय सेवाको पर्याप्त र सहज पहुँच विस्तार भै नसकेको ।
१३. पूँजी बजारमा हुने Inside Trading लाई रोक्ने संयन्त्रको विकास हुन नसकेको ।

१४. सार्वजनिक संस्थानका कार्यकारीहरुको नियुक्ती प्रतिस्पर्धात्मक क्षमताको आधारमा नहुनु ।

१५. संस्थानका उद्देश्य र संचालनशैली बीच तालमेल नहुनु ।

१६. आर्थिक तथा प्राविधिक कारणहरुले भन्दा गैर आर्थिक र प्राविधिक कारण (Exogenous Cause) जस्तै बारम्वारको बन्द, हड्तालले गर्दा औद्योगिक उत्पादन, आयात/निर्यात, लगानीको बातावरण, राजस्व संकलन तथा करदाता सेवा प्रवाहमा कठिनाई परि नै रह्यो ।

# समस्या समाधानका प्रयासहरु

१. अग्रिम बजेट (Early Budget) पेश गर्नकालागि बजेट मस्यौंदाको तर्जूमा समयमै सम्पन्न गरिएको । बजेट पारित गराउनकोलागि माननीय अर्थमन्त्रीबाट राजनीतिक बातावरण निर्माण गर्न पहल भएको ।

२. राजनीतिक कार्यसूची (Political Agenda) भन्दा आर्थिक कार्यसूची (Economic Agenda) लाई राष्ट्रिय प्राथमिकता बनाउन माननीय अर्थमन्त्रीबाट अनुकूल बातावरण बनाउने तर्फ पहल भई नै रह्यो ।

३. बजेट कार्यान्वयनकालागि कार्ययोजना बनाई सम्बन्धित मन्त्रालय र निकायहरुमा पठाईएको ।

४. विभिन्न मन्त्रालय र निकायका उच्च अधिकारीहरु र सरोकारबालाहरुसँग निरन्तर अन्तरक्रिया, समीक्षा र छलफल गरिएको ।

५. प्राथमिकता प्राप्त आयोजनाहरुको मन्त्रालयस्तरीय समस्या समाधान समितिबाट आवधिक समीक्षा गरिएको । वजेट बक्तब्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयन अवस्था बारेमा चौमासिक प्रगति समीक्षा गरिएको ।

६. दातृ संस्थासँग छलफल, समीक्षा र कार्यसम्पादनको पुनरावलोकन कार्यहरु भएको ।

७. केन्द्र र जिल्लास्तरमा राजस्व चुहावट नियन्त्रण समितिलाई सक्रियरुपमा परिचालन गरिएको ।

८. समय समयमा छानबिन, अनुसन्धान, अध्ययन गरी प्रतिवेदन पेश गर्न समितिहरु/ कार्यदलहरु गठन गरी सोको सिफारिस कार्यान्वयन गरिएको ।

९. नीति तथा कानूनी ब्यवस्थाको कार्यान्वयनमा रहेका व्यावहारिक समस्याहरु छलफल गर्न कर ब्यवस्थापन गोष्ठी, भन्सार मूल्यांकन गोष्ठी र राजस्व चुहावट नियन्त्रण सम्बन्धी क्षेत्रीय गोष्ठीहरु सम्पन्न गरियो ।

१०. अन्तर विभागीय समन्वयकालागि महानिर्देशकहरुको बीचमा आवधिक अन्तरक्रिया बैठकहरु आयोजना गरियो ।

# निष्कर्ष

आर्थिक नीतिहरुको तर्जूमा, कार्यक्रमहरु र सुधारका कार्यहरुमा अर्थ मन्त्रालय यस वर्ष पनि क्रियाशील रह्यो । स्रोत साधनको परिचालनलाई राष्ट्रिय विकासको प्राथमिकता अनुकुल तुल्याउन यथाशक्य पहल गरियो । शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक सुरक्षा र स्थानीय विकासका क्षेत्रमा निर्धारित लक्ष्य हासिल गर्न स्रोत परिचालन एवं समन्वय गरियो । मौद्रिक तरलता व्यवस्थापन, लगानी सन्तुलन र उत्पादन क्षेत्रमा पूँजी परिचालनकालागि अनुकुल परिवेश सिर्जना गर्न वित्त तथा मौद्रिक नीतिको कार्यान्वयनमा समन्वय गरी आवश्यक कदम चालियो । बैदेशिक सहायता प्राप्तीकोलागि विभिन्न दातृ राष्ट्र तथा निकायहरुबाट उत्साहबर्द्धक प्रतिवद्धता प्राप्त भएको छ । सहायता परिचालनकालागि आन्तरिक क्षमता अभिबृद्धिको खाँचो देखिएको छ ।

मध्यकालिन खर्च संरचनाको अवधारणा अनुरुप बहुबर्षीय विनियोजनलाई संस्थागत गर्ने क्रममा यसै वर्षदेखि त्रिवर्षीय बजेट तर्जूमा गरी व्यवस्थापिका–संसदमा प्रस्तुत गरियो । बजेट व्यवस्थालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउन सरकारी वित्त तथ्यांक (GFS) अनुरुप बजेटका उपशीर्षक, खर्च शीर्षक, क्रियाकलापको कोडिङ्ग र राजस्वका शिर्षकहरुमा परिमार्जनकोलागि आवश्यक तयारी पुरा भएको छ । सरकारी बजेट तथा सार्वजनिक खर्चका क्षेत्रमा आवश्यक सुधार सुझाव प्रस्तुत गर्न सरकारी बजेट तथा सार्वजनिक खर्च पुनरावलोकन आयोग गठन भई काम भैरहेकोछ । नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०६६ यसै वर्षदेखि लागू गरिएको छ ।

सेवाप्रवाहमा विद्युतीय माध्यमको प्रयोगलाई विस्तार गरियो । विद्युतीय कर सुशासन गुरुयोजनाको कार्यान्वयन प्रारम्भ भएको छ । भन्सार जाँचपासमा ब्रोकर र सेलेक्टीभिटी मोडल कार्यान्वयनमा आएको छ । कार्यप्रक्रिया सरलीकरणका लागि निर्देशिकाहरु बने । कर सहभागिता बृद्धि र राजस्व चुहावट नियन्त्रणका लागि प्रवर्द्धनात्मक र उपचारात्मक कार्यहरु भए । संगठन तथा जनशक्ति व्यवस्थापनलाई सामयीक सुधार गर्न आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागको पुर्नसंरचना सम्बन्धि कामहरु भए । केही नयाँ कार्यालय, चेकपोष्ट र सेवा केन्द्र थप भएकाछन् ।